**कालिका नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रेडक्रसग्राम चितवनद्वारा आयोजित**
**सार्वजनिक सुनुवाई (२०८१/०८/०१ देखी २०८१/११/२३ गते सम्म) कार्यक्रममा**
**कालिका नगरकार्यपालिकाको कार्यालयद्वारा सम्पादन गरिएका कार्यहरुको सार्वजनिकीकरण**

1. **पृष्ठभूमिः**

सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ३, सुशासन (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०६५ नियम १९ र प्रदेश सुशासन ऐन, २०७७ को दफा ३१ बमोजिम यस कालिका नगरपालिकाद्वारा मिति २०८१/०८/०१ देखी आज मिति २०८१/११/२३ गते सम्म सम्पादन गरेका काम कारवाहीलाई स्वच्छ, पारदर्शी, वस्तुनिष्ठ बनाउन, सरोकारवालाहरूको कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न यो सार्वजनिक सुनुवाई आयोजना गरिएको छ।

यस सार्वजनिक सुनुवाई मार्फत नगरपालिका र नगरबासी बिच दोहोरो सम्वाद स्थापित भई नगरपालिकाको कार्यसम्पादन पारदर्शी, गुणस्तरीय, प्रभावकारी बनाउन नगरबासीको रचनात्मक प्रतिनिधित्व र जिम्मेवारीको बोध गराउने र नगरपालिकाले प्रश्न, जिज्ञासा तथा गुनासोहरुको सम्बोधन गर्दै सेवा प्रवाह र विकास निर्माणका कार्यमा थप रचनात्मक सल्लाह, सुझाव प्राप्त गर्ने अपेक्षा गरिएको छ।

2. मोडरेटरः
3. समयः दिनको १ बजे
4. स्थानः वडा न. १० वडा कार्यालय भवन परिसर
5. उद्धेश्यः यस सार्वजनिक सुनुवाई कार्यक्रमका उद्धेश्य देहाय बमोजिम हुनेछनः
    1. चालु आर्थिक वर्ष २०८१/०८२ को दोस्रो चौमासिक अवधिमा नगरपालिकाद्वारा सम्पादित कार्यहरूको सर्वसाधारणको जानकारीका लागि सार्वजनीकरण गर्ने।
    2. नगरपालिका र स्थानीय नागरिकहरू, सरोकारवालाहरूसँग दोहोरो संवाद स्थापित गर्ने।
    3. सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित सरोकारवाला नागरिकका प्रश्न, गुनासो तथा जिज्ञासाको सम्बोधन गर्ने।
    4. आगामी दिनमा कालिका नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाह, विकास निर्माण तथा प्रशासनिक कार्य अगाडि बढाउन उपस्थित सरोकारवालाको राय, धारणा तथा सुझाव सङ्कलन गर्ने।
    5. सरोकारवालाको गुनासो यथासम्भव सम्बोधन गर्ने/गराउने।
6. **सार्वजनिक सुनुवाई कार्यक्रममा आज सार्वजनिक हुने विषयहरू**

क) **<u>अघिल्लो सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरू र सो को कार्यान्वयन अवस्थाः</u>**

१. सार्वजनिक सुनुवाईमा सेवाग्राहीको संख्यामा उल्लेखनीय वृद्धि गरिने छ। कार्यक्रमको प्रभावकारिता ल्याउन नगर क्षेत्रका सेवा प्रदायक संस्थाको समेत उपस्थिति गराईने र प्रचार प्रसारमा जोड दिईनेछ।

कालिका नगरपालिकाले १५ दिन अगाडि नै प्रत्येक वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाई हुने स्थान समय खोलिएको पत्र पठाई प्रचार प्रसारका साथै सूचना प्रकाशन गरिदिन अनुरोध गरिएको छ। सेवा प्रदायक संस्थालाई पनि कार्यक्रम संचालन गर्नु भन्दा कम्तिमा एक दिन आगाडी माईकिंग गर्ने गरि सम्झौतामा नै उल्लेख गरि कार्यादेश दिईएको छ।

२. बाढी नियन्त्रण कार्य र जोखिममा परेका स्थानको पहिचान गरि कार्यक्रम संचालन गरिने छ।

कालिका नगरपालिकाको डुवान गर्ने बुंग खोला वडा न १, २,३,४,६ र ७ लगायातका वस्तीहरुलाई सुरक्षित र भयरहित बनाउनका लागि व्यवस्थापन गर्ने कार्य आई. ई.ई. गरि ठेक्का लगाउने प्रक्रियामा पुगेको छ। गैर सरकारी संस्थाहरुको सहयोगमा  अन्य जोखिम स्थानहरुको पहिचान गरि तटवन्धन लगायत अन्य छेकवारहरु निर्माण भईरहेका छन् भने पालिकाले पनि  स-साना योजनाहरु संचालन गरिरहेको छ। नदिजन्य पदार्थ व्यवस्थित गर्नका लागि कायर , बुंग र थांगखोलाको आई .ई. ई गर्ने कार्य सम्पन्न भई सकेको छ।

३. सेवा प्रवाहको औजारको रुपमा रहेको नागरिक अभिमत –पत्रमा प्राप्त सुझावहरुलाई प्रभावकारी रुपमा कार्यन्वयन गरि स्वच्छ प्रशासनिक सेवा प्रवाहमा जोड दिईनेछ|

कालिका नगरपालिकाले प्रत्येक ४/४ महिनामा विभिन्न वडाहरुमा स्वतन्त्र सेवा प्रदायक संस्था छनौट  गरि सोहि संस्था मार्फत नागरिक अभिमत पत्र संकलन गरिने गरिन्छ | अभिमत पत्रबाट संकलन गरिएका सबै सुझाव राय र सेवाका बिषयमा प्रभावकारी बनाउन के कस्तो नीति अवलम्वन गर्नुपर्ला भनि दिएको सुझावलाई नगरपालिकाले सम्पत्तिको रुपमा ग्रहण गरि आगामी नीति तथा कार्यक्रम र बजेट तयार गर्दा सो बिषयलाई समेत समाबेश गरि बार्षिक कार्यक्रम तयार गरिने व्यहोरा सरोकारवाला सबैमा अनुरोध गर्न चाहन्छु|

४. सार्वजनिक सुनुवाई नियमित रुपमा प्रत्येक चौमासिक रुपमा संचालन गरिने छ।

कालिका नगरपालिकाले बिगत ३/४ वर्ष देखि प्रत्येक चौमासिक अवधिमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्दै आईरहेको यहाँहरु लाई बिधितै छ। गत कार्तिक २७ गते कालिका नगरपालिका वडा न. ९ मा सम्पन्न गरेका थियौ भने दोस्रो सार्वजनिक सुनुवाई कालिका नगरपालिका वडा न. १० को वडा कार्यालयमा आज सम्पन्न हुन गईरहेको छ। कालिका नगरपालिकाको आमन्त्रणलाई स्वीकार गरि यस कार्यक्रममा पाल्नुहुने सबैमा अभिवादन सहित रचनात्मक सुझाव गुनासो वा चित्त नबुझेको केहि भए राखिदिनु हुन सबैमा अनुरोध छ।

५. त्रैमासिक रुपमा भए गरेका कार्यहरु स्वेत प्रकाशन विभिन्न संचारका मध्यम, वेबसाइट तथा सामाजिक संजाल मार्फत प्रत्येक ३ महिना समाप्त भएको १५ दिन भित्र सार्वजनिकीकरण गरिनेछ।

६. कालिका नगर अस्पतालबाट प्रदान गरिने सेवालाई बढी प्रभावकारी बनाई सेवा केन्द्रित हुन सुधारका कार्यक्रम संचालन गरिनुका साथै बिमा कार्यक्रमबाट प्रदान गरिने औषधी व्यवस्थित एवं प्रभाकारी सुधार ल्याईएको छ।

कालिका नगर अस्पतालबाट प्रदान गर्ने सेवालाई बढी प्रभावकारी बनाउन विशेषज्ञ सेवा थप गरिएको छ। अस्पतालको प्रयोगशालालाई अपग्रेड गरिएको छ। २४ सै घण्टा सेवा प्रदान गर्दै आईरहेको भएतापनि थप प्रवाभकारी बनाईएको छ। बिमाका बिरामीलाई पनि प्राप्त गर्ने औषधि सहज  बनाईएको छ। विभिन्न भ्याक्सिनेशन कार्यलाई पनि प्रवाभकारी बनाईएको छ। बेला बेलामा विभिन्न सरकारी तथा निजि अस्पतालका डा . बिशेषज्ञ मार्फत घुम्ती सेवासहित सेवा प्रदान गरिएको छ।

७. कार्यालयको सेवा प्रवाहलाई बढी जनमुखी तथा पारदर्शी र मुस्कान सहितको सेवालाई प्रभावकारी बनाईएको छ।

क. सेवा प्रवाहलाई प्रभावकारी बनाउन सम्पत्ति कर वडाबाट नै संकलन गर्ने कार्यलाई ११ वटा वडामा पुर्याएको छ। सेवा प्रवाहको क्रममा कर्मचारीहरुबाट सेवकको रुपमा प्रस्तुत हुने अनावश्यक झन्झटिलो कानुनी प्रक्रियालाई सरल र सहज बनाईने छ।

८. सार्वजनिक सुनुवाईमा प्राप्त सुझावहरुलाई कार्यान्वयनमा जोड दिइने छ।

सार्वजनिक सुनुवाई कार्यक्रममा प्राप्त रचनात्मक सुझावहरुलाई क्रमश कार्यान्वयन गरिएको र आगामी दिनमा पनि गरिदै लगिने छ।

९. कालिका नगरपालिकाको कार्यक्रममा सीप विकास आय-आर्जनका कार्यक्रमहरु संचालन गर्नका लागि नीतिहरु तय गरी संचालनमा ल्याइने छः

क) कालिका नगरपालिकाबाट विभिन्न सीप विकास कार्यक्रम संचालन गर्न रकम बिनियोजन गरि चालु आर्थिक वर्षमा करिव १५० जनालाई स्व -रोजगार तालिम उपलब्ध गराउने गरि कार्यक्रम संचालन भई रहेको।

ख) नगरपालिकाबाट बिगतमा सीप विकास तालिम लिई उद्यमी भएका व्यक्तिहरुलाई स्तरोन्नति र प्रविधि हस्तान्तरण गर्न रकम बिनियोजन गरिएको। बिउ पुजि बृद्धि गर्दै लगिनेछ।

**<u>हाम्रा थप प्रतिवद्धता</u>**

१. संघ , प्रदेश ,स्थानीय तह र अन्य निकायसंग सहकार्य गरी विकास निर्माण कार्यलाई अघि बढाईने छ।

नेपालमा ३ तहको सरकार विद्यमान रहेको वर्तमान अवस्थामा अधिकार र काम कर्तब्यको क्षेत्रहरुमा पनि समन्वय,सहकार्य,सह अस्तित्वलाई स्वीकार गर्दै विकास निर्माणका कार्यहरुलाई अगाडि बढाईएको र पालिका पालिकाहरुबीच पनि समन्वय र सहकार्यमा कार्यहरु भईरहेको छ।

२. बिधुत प्राधिकरणसंग अधुरा तथा पहुच नपुगेका स्थानहरुमा लाईन विस्तार कार्यलाई बिधुत प्राधिकरणसंग सहजीकरण भईरहेको छ। आगामी दिनमा पनि सहकार्य गरि अगाडि बढाईने छ।

३. नगरको फोहर व्यवस्थापन कार्य अन्तिम चरणमा पुगेको छ। आगामी चौमासिकभित्र नगरको फोहर व्यवस्थापन गरि घर घरबाट नै उठाईने व्यवस्था मिलाईनेछ।

ख . दोस्रो चौमासिक अवधिमा भए गरेका थप कार्यहरु:-

१. महिलाहरुको नेतृत्व तथा क्षमता विकास कार्यक्रम सम्पन्न।

२. बालमैत्री स्थानीय पालिकाको लागि वडा , नगर सहजकर्ता तथा सम्पर्क व्यक्तिलाई अभिमुखीकरण तालिम सम्पन्न।

३. सामाजिक सुरक्षाको दोस्रो किस्ता रकम समयमा नै निकासा गरिएको।

४. नगरपालिकाबाट सहजीकरण गरि मल वितरण कार्य व्यवस्थित गर्दै लागिएको छ ।

५. आ.व. २०८१/०८२ का लागि १७ वटा योजनाको बोलपत्रको सूचना प्रकाशन गरिएको।

६. उद्यमशिलता तालिम दिएकाहरुलाई सिप विकास तालिम दिने कार्य सम्पन्न।

७. सिलाईकटाई आधारभूत तालिम लिएका २१ जनालाई स्तरोन्नति तालिम दिईएको।

८ कालिका नगरपालिका वडा न. ७ बाट २४ जनालाई ब्युटिसियन तालिम प्रदान गरिएको।

९. वडा न. ४ बाट मकैको विभिन्न परिकार बनाउने तालिम ४० जनालाई प्रदान गरिएको।

१०.कालिका वडा न. २ र ६ मा नेतृत्व, भाषणकला तथा उदघोषण तालिम ६० जनालाई प्रदान।

११. विभिन्न गैर सरकारी संस्थाहरुको समन्वयात्मक बैठक सम्पन्न।

**शाखागत प्रगति प्रस्तुतिः**

## प्रशासन शाखाः

दरवन्दी तथा पदपुर्ति अवस्थाः

<table>
<tr><td colspan="5">स्थायी कर्मचारीहरु नगरपालिकाको कार्यालय र वडा कार्यालयतर्फ</td><td></td><td colspan="2">करार सेवातर्फ</td><td></td></tr>
<tr><td></td><td>जम्मा दरबन्दी</td><td>पदपुर्ति</td><td>रिक्त</td><td>बढी पदपुर्ति</td><td></td><td>१</td><td>नगरपालिका तथा वडातर्फ</td><td>५१</td></tr>
<tr><td>जम्मा</td><td>५९</td><td>५१</td><td>८</td><td>०</td><td></td><td>२</td><td>स्वास्थ्यतर्फ</td><td>५० नगर अस्पतालसमेत</td></tr>
<tr><td colspan="6">स्वास्थ्यतर्फ नगर अस्पताल, स्वास्थ्य चौकी र प्रास्वाके समेत</td><td>३</td><td>ज्यालादारी</td><td>१६</td></tr>
<tr><td></td><td>जम्मा दरबन्दी</td><td>पदपुर्ति</td><td>रिक्त</td><td>बढी पदपुर्ति</td><td></td><td>४</td><td>जम्मा</td><td>११७</td></tr>
<tr><td></td><td>३१</td><td>२९</td><td>२</td><td>०</td><td></td><td colspan="3" rowspan="2">जम्मा कर्मचारी संख्याः १९७<br>अधिकृतस्तरको दरवन्दीमा केही पद रिक्त छन्। जसमा शिक्षा निर्देशक,१ सिडिइ १, शिक्षा अधिकृत १ लगायत गरी जम्माः ८<br>उक्त पदहरु हाल रिक्तरहेकोले माग आकृति पठाउने तयारी रहेको ।<br>एकजना शिक्षा अधिकृतलाइ सहमति प्रदान गरिएको छ । कालिका नगरपालिकाको O&M प्रकृया अगाडी वढेको।</td></tr>
<tr><td>जम्मा</td><td>९०</td><td>८०</td><td>१०</td><td></td><td></td></tr>
</table>

**कार्यपालिका बैठकः बैठक संख्या र निर्णयः ४ वटा बैठक सम्पन्न (मुख्य निर्णयहरु:)**

1) कालिका नगरपालिकाको आपतकालिन कार्य सञ्चालन कार्यबिधि,२०८१ स्वीकृत।
2) उत्कृष्ट कृषक सम्मान एवं पुरस्कार कार्यक्रम कार्यबिधि,२०८१ स्वीकृत।
3) कालिका नगरपालिका नगर स्तरिय खानेपानी गुणस्तर परीक्षाण प्रयोगशाला ब्यवस्थापन तथा सञ्चालन सम्बन्धि कार्यबिधि,२०८१ स्वीकृत।
4) कालिका नगरपालिकाको खनिज जन्य पदार्थ (ढुङ्गा,गिटी,बालुवा,ग्राभेल,रोडा माटो,उत्खनन /संकलन तथा विकि बितरण सम्बन्धी कार्यबिधि,२०७७ लाई प्रतिस्थापन गर्न बनेको कालिका नगरपालिकाको निर्माणजन्य पदार्थ दीगो ब्यवस्थापन कार्यबिधि,२०८१ स्वीकृत।

5) घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यबिधि,२०७७ लाई प्रतिस्थापन गर्न बनेको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यबिधि,२०८१ स्वीकृत ।

6) निर्माणकार्य तथा सामाग्रीहरुको गुणस्तर परिक्षण प्रयोगशाला व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यबिधि,२०८१ स्वीकृत ।

व्यवसाय कर र घर बहाल कर न्यून मात्रामा सङ्कलन भएको छ । बजार अनुगमन प्रभावकारी गराउने र स्थलगत मै गई व्यवसाय दर्ता गर्ने तयारीमा छौ ।

नगरबासीले तिरेको कर नगरकै विकासमा लाग्ने हुदा व्यवसाय कर तिर्न, घरबहाल कर तिर्न आम नगरवासीहरुमा अनुरोध गर्दछौं ।

1. **सामाजिक सुरक्षा भत्ता वितरणः**

| वर्ग (दोश्रो त्रै) आ.व ०८१/८२ | जेष्ठ | जेष्ठ दलित | जेष्ठ एकल | विधवा | अपाङ्गता क | अपाङ्गता ख | दलित वालवालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| नयाँ थप | ४४ | २ | १ | २० | १ | ११ | ८ | ८७ |
| जम्मा | २८८२ | १२० | २८६ | ६६८ | ८१ | २४८ | १७३ | ४४५८ |

✓ लगत कट्टा २६ जना

✓ जम्मा वितरित भत्ताः ४ करोड ५७ लाख ९८ हजार ६ सय १८ । (रु ४५७९८६१८।- )

**महिला बालबालिका तथा सामाजकल्याण शाखाः**

1. अपाङ्गता परिचयपत्र वितरणः

| वर्ग | क | ख | ग | घ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| हाल सम्म जम्मा | ९४ | २८९ | १०८ | २५ | ५१६ | जम्मा ५३२ जना |
| दोस्रो चौमासिकको | | १० | ५ | १ | १६ | |

2. अन्य सम्पादित कार्यहरूः

✓ जेष्ठ नागरिक परिचयपत्र वितरण (६० वर्ष माथि) आ.व २०८१/०८२ दोस्रो चौमासिकमा थप ८ जना ( हालसम्म जम्मा २२८१ जना)

✓ जनप्रतिनिधी महिलाहरुको लागि क्षमता अभिवृद्धि तथा नेतृत्व विकास कार्यक्रम सम्पन्न। (दलित८जना ,जनजाती ११जना र अन्य ५जना जम्मा २४ जनाको सहभागिता )

- ✓ अन्तराष्ट्रिय लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सम्पन्न ( दलित १०जना,जनजाती ११४जना र अन्य१८६ जना जम्मा ३१० जना उपस्थिती )
- ✓ अपाङ्गता भएका व्यक्तिहरु तथा सरोकारवालाहरु बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न (दलित१०जना ,जनजाती ८०जना र अन्य ८४जना जम्मा १७४ जनाको सहभागिता )
- ✓ बाल विवाह,बहु विवाह विरुद्धको सचेतना कार्यक्रम ७ वटा सामुदायिक विद्यालयहरुमा सम्पन्न ।(बालक ३६४जना र बालिका ५१० जना जम्मा८७४जना लाभन्भित)
- ✓ बालमैत्री स्थानीय सुचक सरलीकरण,आचारसंहित निर्माण कार्यशाला सम्पन्न(महिला१८,पुरुष५२जना)
- ✓ बालमैत्री आधार कागजात व्यवस्थापन लागि वडा फाइल सुची तयार सम्पन्न(महिला२०जना,पुरुष३०जना)
- ✓ नगर स्तरीय बाल संजाल गठन(बालक १२ जना,बालिका११जना जम्म्मा२३जना)
- ✓ सासु बुहारी अन्तरक्रिया कार्यक्रम वडा न १,२,६,७ र ८ मा सम्पन्न। (सासु १४८जना, बुहारी१३९ जना जम्मा २८७ जना लाभान्भित)
- ✓ समुदायमा आधारित पुनस्थापना सहयोग (सि.वि.आर) कार्यक्रम प्रकृयाको अन्तिम चरणमा।
- ✓ किशोर किशोरीहरुको लागि हलुका सवारी चालक तालिम प्रकृयाको अन्तिम चरणमा ।
- ✓ ११५ औ अन्तराष्ट्रिय महिला दिवश कानूनी साक्षरता तथा अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय भएको।
- ✓ अपाङ्गता परिक्षण तथा अपाङ्गता परिचय पत्र वितरण दोस्रो चौमासिकमा जम्मा१६ जना (म.४जना, पु.१०जना र बालक २जना लाभान्वित)।
- ✓ आमाबाबु विहिन वालबालिकालाई संरक्षण भत्ता वितरणका लागी बैठक सम्पन्न (६जना लाभान्वित, दोस्रो त्रैमासिक सम्मको भुक्तानी)।

**घटना दर्ता संख्या: (२०८१ साल मंसिर १ गते देखि २०८१ साल फाल्गुन २४ सम्म)**

| जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १७१ | १८४ | ३५५ | ३४ | ४४ | ७८ | २२ | १३६ | ५४ | १६५ | ३२ | ९३ | ६७७ |

**न्यायिक समिति तर्फः**

न्यायिक समितिको बैठकः नियमित बैठक वस्ने गरिएको,

यो अवधिसम्म ६ वट्टा बैठक बसिएको ,

नगर स्तरमा ६ वटा मुद्दा दर्ता भएकोमा सो मध्ये ३ वटा नै मिलापत्र भएको जस्तै

गाली बेइज्यती–१

नाबालक छोरीलाई इज्जत आमद अनुसार लाउन र शिक्षा दीक्षा सम्बन्धी -१

साँधसिमाना सम्बन्धी बलेसी पानी सम्बन्धी -१

कालिका नगरपालिकाको आयोजनामा मेलमिलापकर्तालाई पुनर्ताजगी र अन्तर्क्रिया तालीम सम्पन् गरियो।

राजपत्र प्रकाशनः २ वटा कानून राजपत्रमा प्रकाशन भएको।

**योजना तथा अनुगमन उपशाखा**

क. वडा गत योजना संख्या र कार्यान्वनको अवस्थाः

| सि.नं. | वडा नं. | संझौता भएका योजना संख्या | भुक्तानी भएका योजना संख्या | कुल सम्झौता योजना संख्या |
|---|---|---|---|---|
| १ | १ | ६ | १ | ७ |
| २ | २ | ६ | ५ | ११ |
| ३ | ३ | ७ | ८ | १५ |
| ४ | ४ | ६ | ३ | ९ |
| ५ | ५ | ८ | ४ | १२ |
| ६ | ६ | १४ | १४ | २८ |
| ७ | ७ | १९ | ४ | २३ |
| ८ | ८ | १३ | ८ | २१ |
| ९ | ९ | १५ | ९ | २४ |
| १० | १० | ५ | ४ | ९ |
| ११ | ११ | ५ | ५ | १० |

| जम्मा | ९६ | ७७ | १७३ |
|---|---|---|---|

७७ वटा योजनाको काम सम्पन्न भएको जसमा खर्च रु, २ करोड ६१ लाख २० हजार ८ सय ५७ ।

**पूर्वाधार विकास शाखा:**

**आ. व. २०८१/८२ ठेक्का प्रकृया बाट योजनाहरू कार्यान्वयनको विवरण:**

योजनाहरु एकिकृत गरी वा एकल रुपमा ठेक्का प्रकृयाका लागि सूचना गरिएका योजनाहरु।

कुल ठेक्का लगाईएको योजना: १७ वटा

ठेक्का खोलि सकेको: १५ वटा

ठेक्का खुल्न बाँकी= २ वटा योजना

ठेक्का कार्यान्वयनको चरणमा रहेको १४ वटा योजना, १ योजना सडक मर्मतको असएको सूचना जारी भएको र २ वटा ठेक्का खोल्न बाँकी रहेको।

ठेक्का लगाईएको योजनाको कार्यनवनको अवस्था निम्न अनुसार रहेको छ।

| सि. नं | योजनाको नाम | योजना अवस्था |
|---|---|---|
| १ | कालिका नगरपालिका रेडक्रसग्राम स्कूल चोक देखि महिला संजाल भवन हुँदै पश्चिम भिमवली सामुदायिक वन सिमाना सम्म सडक निर्माण।<br>(प्रदेश समपुरक अनुदान) | बेश निर्माण कार्य भई रहेको |
| २ | मदन आश्रित मार्ग वडा नं २ र ४ सिमाना देखि पूर्व वडा नं २ र ३ को सिमाना प्रकाश मेडीकल हुँदै बांगे कुलो सम्म सडक निर्माण। | बेश निर्माण कार्य भई रहेको |
| ३ | वडा नं १ का बिभिन्न बाटो कालो पत्रे योजना। (२ वटा योजना एकीकृत गरी ठेक्का भएको)। | सब ग्रेडको कम्म समाप्त भएको सब बेशको तयारी। |
| ४ | वडा नं ५ का बिभिन्न बाटो कालो पत्रे योजना। (३ वटा योजना एकीकृत गरी ठेक्का भएको) | सब ग्रेडको कम्म समाप्त भएको सब बेशको तयारी। |
| ५. | वडा नं ६ का बिभिन्न बाटो कालो पत्रे तथा बाटो स्तरोंनती योजना।<br>(२ वटा योजना एकीकृत गरी ठेक्का भएको) | बेश निर्माण कार्य भई रहेको |

| | | |
|---|---|---|
| ६. | वडा नं ३,४ र ७ का बिभिन्न बाटो कालो पत्रे योजना। (३ वटा योजना एकीकृत गरी ठेक्का भएको) | सब बेश निर्माण कार्य भई रहेको |
| ७. | सिद्वी तीन दोभान देखि वडा नं ११ को कार्यालय पहुँच सडक निर्माण ।<br>(संघिय समपुरक अनुदान) | नाला निर्माणको कार्य भई अन्तिम चरणमा रहेको। करिब ३८ % भौतिक प्रगति रहेको। |
| ८. | वडा नं २ का बिभिन्न बाटो कालो पत्रे योजना। (३ वटा योजना एकीकृत गरी ठेक्का भएको) | सब बेश निर्माण कार्य भई रहेको |
| ९. | गिता कुमालको घर देखि क्लब चोक नाला निरन्तरता-कालिका ७ | नाला निर्माण कार्य भई रहेको। |
| १०. | डाँडा कुमार घर खोल्सी अजिंगरे कल्वर्ट अधुरो निर्माण | निर्माण कार्य अन्तिम चरणमा रहेको। करिब ९० प्रतिशत भन्दा माथि भौतिक प्रगति भएको। |
| ११. | जमुनापुर मा.वि भवन निर्माण कालिका -६ (प्रदेश सरकार बिशेष अनुदान) | निर्माण कार्य भई रहेको। करिब ५०% भौतिक प्रगति भएको। |
| १२. | आधारभूत बिधालय लटौली अधुरो भवनको गाह्रो, प्लास्टर तथा रंगरोगन कालिका नगरपालिका ९ (नेपाल सरकार सशर्त अनुदान) | निर्माण कार्य भई रहेको। करिब ५०% भन्दा माथि भौतिक प्रगति भएको। |
| १३. | विभिन्न कल्वर्ट मर्मत अधुरो। | निर्माण कार्य अन्तिम अवस्थमा रहेको। करिब ८०% भन्दा माथि भौतिक प्रगति । |
| १४. | गैरीबारी चोक देखि गैरीबारी जाने बाटो निर्माण | ठेक्का सम्झौता भई कार्यदेश समेत प्रदान भएको। कार्य संचालनको तयारी अवस्थमा रहेको। |
| १५. | सडक बोर्डको साझेदारीमा सडक मर्मत कार्यक्रम | आसएको सूचना जारी भएको। सम्झौता हुन बाँकी रहेको। |

| | | |
|---|---|---|
| १६. | कालिका न.पा १० कयर खोला पुल | ठेक्का खुल्न बाँकी। |
| १७. | ओमशान्ति चोकदेखि प्रभात चोकसम्म बाटो स्तरोन्नति, कालिका ३ चितवन | ठेक्का लगाई ठेक्का खोल्न बाँकी। |
| १८. | वडा नं ९ को वडा कार्यालय जाने बाटो स्थारोंनती | ठेक्का लगाउन बाँकी। ठेक्काको तयारी अवस्थमा। |

**पुर्वाधार निर्माण सम्बन्धी आ. व. २०८१/०८१ मा ठेक्का लगाई सो आ.व मा सम्पन्न हुन नसकेको योजनाहरुको अवस्था:**

- **सडक बोर्ड अन्तर्गत विभिन्न बाटो मर्मत:** निर्माण कार्य भई रहेको। अन्दाजी ३५% कार्यको भौतिक प्रगति।

**पुरानो ठेक्का निर्माण सम्पन्न नभई बाँकी रहेको योजनाको अवस्था:**

**१. नगरपालिका प्रशासकीय भवन**: निर्माण भइरहेको फिनिशिंग कार्य बाँकि रहेको। अन्दाजी ७५% भौतिक प्रगति।

**२. डोकुन थोर्वालिंग गुम्बा कालिका ६:** पर्यटन पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत पर्यटन मन्त्रालयबाट समयमा बजेट निकासा नहुँदा निर्माण कार्य सम्पन्नमा ढिला हुन गएको। निर्माण कार्य भई रहेको। अन्दाजी ५०% भौतिक प्रगति।

**विपद् ब्यवस्थापन:**

- विपद् व्यवस्थापन कोषबाट बर्षात को कारण क्षती भएको नगरभित्र रहेको विभिन्न बाटोहरुमा ७४०.१ घन मिटर ग्रावेल राखी मर्मत गरिएको।
- प्राकृतिक विपत्तिमा परि मृतु भएको परिवारहरुलाइ उचित राहत वितरण गरि थप राहतको लागि सम्बन्धित निकाएमा सिफारिस भएको ।
- वडा कार्यालयहरुको सिफारिसमा विपद्ले क्षति पुर्याएका सडक, सिचाई नाला, घोल, मर्मत तथा सफा गर्न, बाटो खुलाउन नगरको जेसिबी 176.6 घण्टा , मिनी टिप्पर 201 कि.मि. र ग्रेडर 21.6 घण्टा हेभी मेसिन उपकरण प्रयोग भएको।
- सम्भावित मनशून विपद जोखिम न्युनिकरण सम्बन्धमा नगर क्षेत्र भित्रका सम्बन्धित सरोकारवालाहरु,राजनैतिक दलहरु,,सुरक्षा निकायहरु ,सामाजिक संघ-संस्था हरु संग तहगत जिम्मेवारी तथा सम्पर्क गरी सुची तयार गर्ने र प्रतिकार्य योजना तर्जुमा भईहरको।
- नियमित बैठक बसी विपद् व्यवस्थापनमा आवश्यक निर्णय हुने गरेको छ। हाल सम्म ९ वटा बैठक बैठक बसी ३८ वटा निर्णय भएका छन्।
- "कालिका नगरपालिकाको आपतकालीन कार्य सञ्चालन केन्द्र कार्यसञ्चालन कार्यविधि २०८१" तयार।
- नगरपालिकाको आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालनको चरणमा रहेको।

- नगरपालिका क्षेत्र भित्र रहेका सबै सामुदाईक बन उपभोक्ता समुहहरु मध्य हरेक सामुदाईक बन उपभोक्ता समुहबाट एक जना अध्यक्ष र एक जना बन हेरालु गरी जम्मा दुइजना सहभागी रहने गरी एक दिने बन डढेलो जन्य बिपद ब्यवस्थापन सम्वन्धी अभिमुखिकरण एवं सचेतना मुलक कार्यक्रम सञ्चालन।

**<u>वन तथा वातावरण</u>**

- कालिका नगर क्षेत्र भित्रका सामुदायिक वनको योजना र कार्यक्रमलाई नगरपालिकामा पेश गर्न पत्रचार गरिएको।
- कालिका नगर क्षेत्र भित्रका जम्मा २२ वटा सामुदायिक वन उपभोक्ता मध्य जम्मा ९ वटा सामुदायिक वनले स्वीकृतीका लागी आ. ब. २०८१/०८२ को कार्ययोजना पेश गरेकोमा जम्मा ९ कार्ययोजनाहरु स्वीकृत गरिएको।
- कालिका नगरपालिका को मुहान दर्ता कार्यबिधि २०७७ अनुसार हालसम्म ७२ वोटा मुहान/संस्था दर्ता भयको।
- आ. २०८१/०८२ मा कालिका नगरपालिका को मुहान दर्ता कार्यबिधि २०७७ अनुसार हालसम्म जम्मा २ वोटा खनेपानी तथा सरसफाइ उपभोक्ता समुह नविकरण / दर्ता भयको।
- कालिका नगरपालिका स्तरीय खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा सञ्चालन कार्यविधि -२०८१ लागु भएको।
- कालिका नगरपालिका स्तरीय खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला स्थापन / सञ्चालनको क्रममा रहेको।
- कालिका वडा नं १०, कयर खोला पुल निर्माण आयोजनाको IEE (वातावरणिय अध्यायन) प्रतिबेदन स्वीकृत भएको।
- कयर खोला बाट दिगो रुपमा नदिजन्य पदार्थ उत्खनन तथा ब्यबस्थापन गर्न IEE (वातावरणिय अध्यायन) प्रकृया सम्पन्न भै जि. स. स. बाट सहमती प्राप्त भएको राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति मा सहमतिकालागी पेश भएको।
- बुङ खोला बाट दिगो रुपमा नदिजन्य पदार्थ उत्खनन तथा ब्यबस्थापन गर्न IEE (वातावरणिय अध्यायन) प्रकृया सम्पन्न भै जि. स. स. बाट सहमती प्राप्त भएको राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति मा सहमतिकालागी पेश भएको।
- थाङ खोला बाट दिगो रुपमा नदिजन्य पदार्थ उत्खनन तथा ब्यबस्थापन गर्न IEE (वातावरणिय अध्यायन) प्रकृया सम्पन्न भै स्वीकृत भएको।
- कालिका थाङ बुङ खोला नियन्त्रण आयोजनाको IEE (वातावरणिय अध्यायन) प्रतिबेदन स्वीकृत भएको।
- कालिका न.पा. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन-२०८१ तयार भै लागु भएको।
- "कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन कार्यविधि – २०८१" तयार भै लागु भएको।

**<u>फोहर मैला ब्यबस्थापन</u>**

- समग्र नगरको फोहर ब्यबस्थापन कार्य कालागी सम्वन्धित सेवा प्रदायक संस्था सँग आबश्यक छलफल तथा समन्वय भै रहेको ।
- “कालिका नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि -२०८०” (प्रथम संशोधन समेत) मा रहेका नगरपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धि प्रावधान, नितिगत ब्यवस्थाहरु, नगरपालिकाको फोहरमैला व्यवस्थापनमा नागरिकको कर्तव्य, श्रोतमानै फोहर बर्गिकरण गर्ने आधारभुत विधिहरु समबन्धमा सम्पूर्ण नगरकार्यपालिका सदस्यहरु, नगर क्षेत्रभित्रमा सम्पूर्ण बजार ब्यबस्थापन समितिका अध्यक्षहरु एवम् समिति सदश्यहरुलाइ एकदिने अभिमुखिकरण कार्यक्रम सम्पन्न ।
- “कालिका नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि -२०८०” (प्रथम संशोधन समेत) मा रहेका नगरपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धि प्रावधान, नितिगत ब्यवस्थाहरु, नगरपालिकाको फोहरमैला व्यवस्थापनमा नागरिकको कर्तव्य, श्रोतमानै फोहर बर्गिकरण गर्ने आधारभुत विधिहरु समबन्धमा सम्पूर्ण वडा सदस्यहरु, नगर क्षेत्रभित्रमा सम्पूर्ण टोल ब्यबस्थापन समितिका अध्यक्षहरुलाइ एकदिने अभिमुखिकरण कार्यक्रम सम्पन्न ।
- जि. स. स. चितवनका प्रमुख, कालिका नगरपालिका वडा नं १ देखी ८ का वडा अध्यक्ष र कालिका नगरपालिका वडा नं १ देखी ८ अन्तरगत पर्ने सम्पुर्ण सामुदाईक बन उपभोक्ता समितीका अध्यक्ष, उपाध्यक्ष र सचिव हरुको सहभागितामा “कालिका नगरपालिकाको फोहरमैला व्यवस्थापन का लागि Land-fill Site पहिचान एवं ब्यवस्थापन” बिषयक एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- फोहरमैला व्यवस्थापनमा Landfill site ब्यबस्थापन सम्बन्धमा छिमेकी नगरपालिकाले अपनाएको बिधि अवलोकन तथा सिकाईका लागी यस समितिका पदाधिकारी, कर्मचारी एवं कालिका नगरपालिकाका क्रमसः भिमवलि, थाङ खोला, उदयपुर, चतुर्मुखी, र पदमपुर सामुदाईक बन उपभोक्ता समितीका पदाधिकारी सहितको एक दिने अबलोकन भ्रमण कार्यक्रम सम्पन्न ।
- फोहर मैला ब्यबस्थापन कार्यका लागी सेवा शुल्क निर्धारण भएको ।
- समग्र नगरको फोहर ब्यबस्थापन कार्य कालागी सम्वन्धित सेवा प्रदायक संस्था नियुक्तिकालागी प्राविधिक प्रस्ताब तयारी अन्तिम चरणमा पुगेको ।
- समग्र नगरको फोहर ब्यबस्थापन कार्य कालागी Landfill site पहिचान सम्वन्धित Prefeasibility study अन्तिम चरणमा पुगेको ।

**<u>आर्थिक प्रशासन शाखा र राजस्व तर्फ:</u>**

क. हाल सम्मको बजेट खर्चको अवस्थाः

| क्र.स | विवरण | खर्च अनुमान | खर्च रु. | खर्च % |
|---|---|---|---|---|
| १ | चालु खर्च | ४९८८७०००० | २२१८९०३७७।१४ | ४४.४८% |
| २ | पुँजित खर्च | ४३०९०४००० | ५१०५८६०४।८२ | ११.८५% |

| | | | |
|---|---|---|---|
| जम्मा खर्च | ९२,९७,७४,०००/- | २७२९४८९८१.९६ | २९.३५% |

**ख. हाल सम्मको बजेट आय को अवस्थाः**

| क्र. स | विवरण | प्रस्तावित आय रु. | वास्तविक आय रु. |
|---|---|---|---|
| १ | *संघीय सरकार* | ४५,२६,४६,०००/- | ३०,७४,०४,५०००- |
| २ | *प्रदेश सरकार* | ७,३९,५०,०००/ | ३,६९,७५,०००/- |
| ५ | *राजश्व बाँडफाँड* | २४,५१,७१,०००/- | १०८६३९१७९/२३ |
| ६ | *आन्तरिक स्रोत* | ६,००,००,०००/- | ३०५२५४७४/४३ |
| ७ | *गत आ.व को बैंक मौज्दात* | ७,४५,०७,०००/- | ६,६१,२६,८८१/०२ |
| ८ | *जनसहभागिता* | १,००,००,०००/- | २२२६५५०/- |
| ९ | अन्य आय /सडकवोर्ड ,जि.स.स | १३५०००००/ | ० |
| | जम्मा | ९२९७७४००० | ५५१८९७५८४/६८ |

**ग. राजस्व संकलन:**

| क्र.स. | राजस्व संकलन गर्ने कार्यालय | रकम |
|---|---|---|
| १ | नगर कार्यपालिकाको कार्यालय | १२७०९९९५/५ |
| २ | वडा नं. १, कार्यालय | १७५७५२७/ |
| ३ | वडा नं. २, कार्यालय | २८११५६०.०३ |
| ४ | वडा नं. ३, कार्यालय | २०२५६८०/६५ |
| ५ | वडा नं. ४, कार्यालय | १६४९८५४/- |

| | | |
|---|---|---|
| ६ | वडा नं. ५, कार्यालय | २२५६२८०/३८ |
| ७ | वडा नं. ६, कार्यालय | ३३१२३७९।२० |
| ८ | वडा नं. ७, कार्यालय | १७१३००५/ |
| ९ | वडा नं. ८, कार्यालय | ८४८९२०/ |
| १० | वडा नं. ९, कार्यालय | १२४७९३०/६७ |
| ११ | वडा नं. १०, कार्यालय | १६१८४२/- |
| १२ | वडा नं. ११, कार्यालय | ३०५००/- |
| | जम्मा | ३०५२५४७४/४३ |

शिक्षा यूवा तथा खेलकुद शाखा

1. विद्यालय संख्याः सामुदायिक ३३ र संस्थागत ११ जम्मा -४४
2. विद्यार्थी संख्याः जम्मा १४३४७ ( सामुदायिक र संस्थागत)EMIS 2081
3. शिक्षक कर्मचारी संख्याः ४१०( सामुदायिक र संस्थागत तर्फ )EMIS 2081
4. यस वर्षको कुल बजेटः सशर्त तर्फ २०, ४७, ०५ हजार र नगरपालिका तर्फ २,७०, ९१ हजार ( जम्मा २५.४३ % मात्र खर्च भएको ) प्रथम चौमासिकमा
5. नन बजेटरी कार्यक्रम तर्फ वि .व्य.स. गठन, शिक्षक अभिभावक संघ गठन, शिक्षक तथा कर्मचारी करारमा भर्ना, आदि कार्यक्रम आवश्यकतानुसार सम्पन्न गरेको।
6. आर्थिक वर्ष २०८१/०८२ को अधीकाँस विद्यालयको लेखा परिक्षण भैसकेको। केहि विद्यालयहरुको भैरकेको।

7. यस शैक्षिक सत्र २०८२ को लागि समयमै वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशन समिति वनि तयारी भैरहेको।

8. तीन तह (कक्षा १-५, कक्षा ६-८ र कक्षा ९-१२) सञ्चालित विद्यालयका प्र अ वैठक सम्पन्न गरि शैक्षिक सत्र २०८० को नतिजा समिक्षा लगायत समसामयिक विषयवस्तु र आगामी शैक्षिक रणनितिको वारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको।

9. सामुदायिक र संस्थागत विद्यालयका प्र.अ. हरुलाई motivation and meditation तालिम सम्पन्न गरेको।

10.मानसिक स्वास्थ्य युवा जागरण तथा अनुशासन सम्बन्धी १ दिने सचेतनामूलक कार्यक्रम सञ्चालन भएको।

11. शिक्षा दिवश २०८१ मा कक्षा ८, १०, १२ मा उत्कृट नतिजा हासिल गरेका विद्यालयहरु र विद्यार्थीलाई सम्मान तथा पुरस्कार वितरण गरिएको।

12. नियमित रुपमा प्र. अ. वैठक तथा अन्तरक्रिया कार्यक्रमहरु भइराखेको।

13. प्रथम चौमासिकमा विद्यालय खातामा जानुपर्ने बिद्यालय ब्यबस्थापन अनुदान / दिवा खाजा अनुदान/ सेनेटरी प्याड लगायत अन्य अनुदानहरु विद्यालयको खातामा निकाशा पठाइसकेको ।
14. केही सामुदायिक विद्यालयहरुमा विद्युतिय-हाजिरी व्यवस्थापन गरिएको , सो कार्यको शाखाबाट नियमित अनुगमन भईरहेको तथा वाकी सामुदायिक विद्यालयहरुमा पनि क्रमश लागू गरिने।
15. विद्यालयहरुको नियमित अनुगमन तथा सुपरिबेक्षण गरिएको।
16. नगर शिक्षा योजनाको निर्माण कार्य अन्तिमीकरणमा पुगेको।
17. विद्यालयका शिक्षक तथा विद्यार्थीहरुलाई ट्राफीक सचेतना कार्यक्रम सम्पन्न गरीएको।
18. अपाङ्गता भएका विद्यार्थीहरुको प्रारम्भिक पहिचान गरी IEMIS मा प्रविष्ट गर्न शिक्षक/कर्मचारी/प्र.अ. लाई क्षमता विका कार्यक्रम सम्पन्न गरीएको।
19. शाखाको सम्न्वयमा अधिकाँस विद्यालयहरुमा भव्य रुपमा वार्षिक उत्सव कार्यक्रम सम्पन्न भैसकेको।
20. विद्यार्थी संख्या कम भई बन्द हुने अवस्थामा पुगेका आ वि कमलपुरलाई सोहि वडा अन्गर्तको आ वि सहपुरमा समायोजन/व्यवस्थापन गरीएको।
21. विद्यालयहरुमा रिक्त दरवन्दीमा करारमा शिक्षक नुयुक्ति गरिएको। तथा शिक्षक सेवा आयोगवाट स्थायी नियुक्ति लिई आएका निम्न माध्यमिक तहका शिक्षकहरुलाई विभिन्न विद्यालयहरुमा पदस्थापन गरीएको।
22. स्थानीय तह स्तरीय आधारभुत शिक्षा( कक्षा -८) उतिर्ण परीक्षा २०८१ व्यवस्थित रुपमा सम्पन्न गर्नका लागि परीक्षा केन्द्र निर्धारण गरी गोप्य ढङ्गवाट प्रश्नपत्र निर्माण तथा मोडरेसन गरी प्रश्नपत्र तथा उत्तर पुस्तिका छपाई कार्य अगाडि वढिरहेको। परीक्षाको तयारी व्यापक रुपमा अगाडि वढि रहेको।

<u>स्वास्थ्य शाखाः</u>

- ११ वटै वडाहरूमा ८० वर्ष माथिका जेस्ठ नागरिक र तथा रातो कार्ड पाएका (अपाङ्गता भएका) व्यक्तिहरुलाई घरैमा गइ मंसिर र माघ महिनामा स्वास्थ्य परिक्षण गरिएको।
- नगरपालिकाले खरिद गरेर बितरणगर्नु पर्ने ९८ प्रकारका निःशुल्क औषधी बितरण गरिएको ।
- नियमित रुपमा सुत्केरी भएका महिलाहरुलाई घरैमा गई आमा तथा नवशिशु को स्वास्थ्य जांच सेवा दिने ब्यबस्था नियमित रुपमा संचालनमा रहेको।
- कालिका नगरपालिका अन्तर्गतका स्वास्थ्य सस्थाहरुको क्षयरोग नियन्त्रण कार्यक्रमको बार्षिक समिक्षा सम्पन्न भएको।
- पहिलो चौमासिकमा ११ वटा वडाका ७१७ घरधुरीका नागरिकहरुनगर प्रमुख बिपन्न स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्दा रु २५८५६००|०० (पचिस लाख सत्तरीहजार चार सय रुपया ) खर्च भएकोमा यस चौमासिकमा थप २५ घर परिवार को स्वास्थ्य बिमा नविकरण गर्दा ८७,५००|०० गरी जम्मा रु २६,७४,१००| खर्च भएको।
- मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गराइरहेका,मेरुदण्ड पक्षघात भएका तथा क्यान्सर रोगीहरुले मसिक पाउने रु पाँच हजार रुपया पौष मसान्तसम्म को ८७ जनाको रु १२६५०००|०० उपचार खर्च बितरण गरिएको।
- सुत्केरीलाइ पोषिलो कोशेली अन्तरगत संस्थागत सुत्केरी भएका र ३५ दिन भित्र जन्मदर्ता गराएका आमाहरुलाइ नगदै रु १०००|०० बितरण कार्य निरन्तर रुपमा संचालनमा रहेको।

- साबिक जुटपानी प्रा.स्वा.के.(प्रस्तावित कालिका नगर अस्पताल लाइ) हाल कालिका नगर अस्पताल (१५ शैयाको ) संचालन अनुमति प्रदान गरिको।
- जनस्वास्थ्य कार्यालय चितवनको समन्वयमा आधारभुत स्वास्थ्य सेवा केन्द्र ८ मा नसर्ने रोगहरुको पहिचान गर्न शिबिर संचालन गरी २५५ जनाको परिक्षण गरिएको तथा सबै स्वास्थ्य संस्था बाट नियामितरुपमा फागुन महिनाभर संचालन हुनेछ।
- जनस्वास्थ्य कार्यालय चितवनको समन्वयमा पदमपुर स्वास्थ्य चौकीमा परिवार नियोजन सेवा शिबीर संचालन गरी २६ जना महिला तथा पुरुष हरुलाइ स्थाइ बन्ध्याकरण सेवा दिएको।
- स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी हरुलाइ दुइ समुहमा गरि ५० जनालाइ जिन्सी ब्याबस्थापन तालिम संचालन गरिएको।
- कालिका नगर अस्पताल बाट रेबिज बिरुद्धको सुइ जनस्वास्थ्य कार्यालय चितवनको समन्वयमा नियमित आपुर्ति गरिएको।
- पाठेघरको मुखको क्यान्सर बिरुद्धको खोप अभियान संचालन गरी ९४ प्रतिशत किशोरीहरुलाइ खोप दिइएको।

**कृषि बिकास शाखा तर्फः**

| सि नं | क्रियाकलाप | हालसम्म भएका कार्यहरु | |
|---|---|---|---|
| १ | क्रप कटिङ सर्भे (धान, मकै, तोरी, आलु, तरकारी आदि) | धानको १७ वटा, तोरीको ८ वटा र आलुको ६ वटा तथ्याङ्क सङ्कलन गरी उत्पादकत्व निर्धारण गरीएको। कालिका नगरपालिकामा आ.व. २०८१।८२ मा धानको उत्पादकत्व **४.९३** टन प्रति हेक्टर, तोरीको उत्पादकत्व **१.४१** टन प्रति हेक्टर र आलुको उत्पादकत्व **१३.८७** टन प्रति हेक्टर रहेको। | |
| २ | कृषि मेशिनरी औजार ५०% अनुदानमा वितरण | मकै रोप्ने मेशिन ११ वटा, मकै छोडाउने मेशिन २४ वटा, झार गोड्ने मेशिन ६ वटा र डिजिटल काँटा ३६ वटा गरी जम्मा ७७ जना लाभग्राही छनौट भई खरीद प्रक्रिया अघि बढेको। | |
| ३ | मागमा आधारित केरा तथा मेवाको क्षेत्र विस्तार कार्यक्रम | ८ जना कृषकहरुसँग सम्झौता भई ५.५ बिघामा कार्य भैरहेको। | |
| ४ | कागती खेती गर्ने कृषकलाई बेर्ना तथा बोर्डो पेन्टमा ५०% अनुदान कार्यक्रम | ५ जना कागती किसानलाई ८० लिटर बोर्डो पेन्ट वितरण गरी भुक्तानीको चरणमा रहेको। | |

| | | | |
|---|---|---|---|
| ५ | किसान सूचिकरण | सूचिकरण कार्यक्रम वडा नं १ देखी ५ सम्म सुरु भई करिब १४०० जना कृषक सूचिकृत हुनुभएको र यो कार्यक्रम निरन्तर भईरहेको । | |
| ६ | गड्यौले मल उत्पादनका लागि ७०% अनुदानमा संरचना निर्माण कार्यक्रम | ७ जना कृषकसँग सम्झौता भई निर्माण कार्य भईरहेको । | |
| ८ | च्याउको बिउमा ५०% अनुदान कार्यक्रम | ५ जना कृषकहरुसँग कार्यक्रम सम्झौता भई २३५९ के.जी च्याउको बिउ वितरण कार्य भैरहेको । | |
| ९ | ड्रागन फ्रुट प्रवर्द्धन कार्यक्रम (५०% अनुदान) | २ जना लाभग्राहीसँग सम्झौता भई २३ कठ्ठामा ड्रागन फल रोप्ने कार्य भैरहेको । | |
| १० | रोग किराको जैविक व्यवस्थापनका लागि आई.पी.एम. एप्रोच प्रदर्शन कार्यक्रम | तरकारी तथा फलफूलका लागि विभिन्न प्रकारका पासो तथा जैविक विषादी वितरणको प्रकृया सुरु भैरहेको । | |
| ११ | वडा नं ९,१० र ११ मा अदुवा, हलेदो, पिँडालु तथा अमिलो जातका फलफूलका बेर्ना वितरण कार्यक्रम (८०% अनुदान) | १४ जना लाभग्राहीलाई २५०० के.जी. अदुवाको बिउ वितरण कार्य सम्पन्न भएको । | |
| १२ | समस्यामा आधारित तालिम तथा गोष्ठी | १. किसान सूचिकरण सम्बन्धी गणकहरुलाई एक दिने तालिम सम्पन्न ।<br>२. वडा नं ११ मा धानबाली भण्डारण सम्बन्धी एक दिने तालिम सम्पन्न ।<br>३. वडा नं २, ३ र ११ मा तीन वटा बैमौसमी तरकारी खेती सम्बन्धी २ दिने तालिम सम्पन्न भएको । | |
| १३ | साना तथा मझौला सिँचाई निर्माण तथा मर्मत संभार कार्यक्रम - ८५%अनुदान | ३४ जना कृषकहरु छनौट भई ६९.३ बिघा क्षेत्रफल कमान्ड क्षेत्र ओगट्ने योजनाहरु सम्झौताको चरणमा रहेको । | |

**मल व्यवस्थापन तर्फः**

सवै वडाहरूमा मल प्राप्तिको लागि कृषक मलकार्ड लागु गरिएको । मलकार्ड लागु भए पश्चात अनावश्यक मल माग गर्ने वा भण्डारण गर्ने कार्य कम भएको छ ।

**आ.व. २०८१/८२ फागुन २४ गतेसम्म प्राप्त जम्मा रसायनिक मल आपुर्ति भएको मलको परिमाण**

- युरिया –४०५ मे.टन. डि ए पी – २२८.२५ मे.टन. म्युरेट अफ पोटास - ३० मे.टन.

**बिक्रेताहरुः** कृषि सहकारीहरु: ८ वटा बहुउद्देश्यीय सहकारीहरुः ५ वटा एग्रोभेटहरु: ११ वटा जम्मा विक्रेताः २४ वटा

कृषकको खेतबारीमा देखिएका समस्याहरुको नियमित अनुगमन भएको।

३०५ जना कृषकलाई कृषि सम्बन्धि प्राबिधिक सेवा प्रदान गरिएको।

**अन्य कार्यक्रमः**

वडा स्तरीय कार्यक्रम अन्तर्गरत वडा नं ६ मा प्रति घर १ आँप र १ लिचीको बेर्ना गरी जम्मा १७०० बेर्ना वितरण कार्य सम्पन्न।

४८ जना केरा किसानले केरा बीमा गर्नुभएको।

**पशु सेवा शाखा तर्फः**

पशु सेवा शाखाको नियमित सेवाहरु तर्फः

- विश्व रेबिज दिवसको अवसरमा ४४२ कुकुर तथा,२६ वटा बिरालो गरी जम्मा ४६८ र नियमित तर्फ २६२ गरी जम्मा ७३० पशुहरुमा रेविज बिरुद्धको खोप लगाईएको छ।
- पशुपन्छी उपचार र परजिवि नियन्त्रण को लागी निशुल्क औषधि बितरणको कार्य निरन्तर भैरहेको छ।
- प्रयोगशाला सेवा तर्फ १३६० पशुहरुको गोवर तथा ३६ पशुहरुको दुध परिक्षण गरिएको छ।
- बन्ध्याकरण सेवा तर्फ १७७५ वटा भाले पशुको बन्ध्याकरण गरिएको छ।
- नश्ल सुधारको लागि ३३७१ वटा गाई तथा ३४३ भैंसीहरुमा गरि जम्मा ३७१४ पशुहरुमा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको छ।
- ५१ जना कृषकले बिमा कम्पनीबाट गाई/भैंसी/बाख्रा मृत्यु बापत पाउने रकम भूक्तानीको लागि सिफारिस गरिएको छ।

**पशुसेवा शाखाको स्वीकृत बार्षिक कार्यक्रमहरु तर्फः**

| सि नं | कार्यक्रमको नाम | हालसम्मको प्रगति अवस्था |
|---|---|---|
| १ | पशु उत्पादकत्व वृद्धि गराउने खालको घाँसको विउ बिजन र विरुवा उपलब्धताको लागि कार्यक्रम अन्तर्गत हिँउदे र बर्षे घाँसको बीउ खरिद तथा बितरण कार्यक्रम | सम्पन्न भैसकेको छ। |
| २ | विश्व रेविज दिवस तथा रेविज विरुद्ध भ्यक्सिनेसन कार्यक्रम | सम्पन्न भैसकेको छ। |
| ३ | पशुहरुको प्रजननको लागी आवश्यक मिनरल तथा फिड सप्लिमेन्ट खरिद तथा वितरण कार्यक्रम | टेन्डर प्रक्रिया पुरा भै सम्झौता को क्रममा रहेको छ। |
| ४ | परजिवि नियन्त्रण र उपचार सेवाको लागि औषधि खरिद कार्यक्रम | टेन्डर प्रक्रिया पुरा भै सम्झौता को क्रममा रहेको छ। |
| ५ | पशुमा नश्ल सुधारको लागि कृत्रिम गर्भाधान कार्यक्रम | निरन्तर भैरहेको छ। |

| | | |
|---|---|---|
| ६ | नगर भित्रका मासु तथा डेरि पसल अनुगमन कार्यक्रम | सम्पन्न भैसकेको छ। |
| ७ | बिशेषज्ञ सहित डोर टु डोर पशु उपचार कार्यक्रम | सम्पन्न भैसकेको छ। |
| ८ | कृत्रिम गर्भाधानका लागी आवश्यक सामाग्री खरिद तथा व्यस्थापन कार्यक्रम | नियमित भैरहेको छ। |
| ९ | आ.व. २०८०/०८१ मा दुध उत्पादन गरी दुग्ध उत्पादक सहकारी संस्थामा बिक्रि गर्ने कृषकहरुलाई प्रति लिटर रु. १ का दरले अनुदान वितरण कार्यक्रम ( प्रदेशको दुधको अनुदान समेत) | मुल्याङ्कनको क्रममा रहेको छ। |
| १० | आ.व. २०८१/०८२ मा रहेका पशु सेवा शाखा अन्तर्गतका सम्पुर्ण अनुदानका कार्यक्रमहरु | मुल्याङ्कनको अन्तिम चरणमा रहेको छ। |

**भवन तथा बस्ती विकास शाखा र स्थानीय भूमि परिषद् (आ.व २०८१/०८२)**

१. **घर नक्सा पास तर्फ**

| सि.नं | सूचना जारी गरेको संख्या | प्रथम चरण इजाजत ( अस्थायी संख्या) | दोस्रो इजाजत (स्थायी संख्या) | निर्माण सम्पन्न संख्या |
|---|---|---|---|---|
| १. | २९ | १६ | १४ | १५ |

२. **घर अभिलेखीकरण कार्य तर्फ**

| सि.नं | सूचना जारी गरेको संख्या | घर अभिलेखीकरण सम्पन्न संख्या |
|---|---|---|

| | | |
|---|---|---|
| १. | ४७२ | ३६४ (अन्य बाँकि संख्याको घर अभिलेखीकरण प्रक्रिया पुरा नगरेको तथा नगरपालिकामा पेश नभएको।) |

३. **<u>अमिन सेवा माग तर्फ</u>**

| सि.नं | अमिन सेवाको माग संख्या | अमिन सेवा प्रदान गरिएको संख्या | कैफियत |
|---|---|---|---|
| १. | ८७ | ६१ | बाँकी २६ वटा अमिन माग फिल्ड प्रक्रिया रहेको र कुनै निबेदन दिइ निवेदक सम्पर्कमा नआएको। |

**४. बाटो लगत कट्टा विवरण संख्या: (अंसबन्डा / अंस भरपाई प्रयोजन):** १७ वटा सिफारिश भएको।

**५. स्थानीय भूमि परिषद् तर्फ:** जग्गा बर्गिकरणको लागि बैठक निर्णय: २ वटा

**भूमि आयोगको काम सम्बन्धी:**

**हाल सम्मको कार्य बिबरण:**

जम्मा परिवार संख्याः ३७९५

नापी भएको जग्गा क्षेत्रफलः ४८६ विगाह

नापी सम्पन्न जग्गा कित्ता संख्याः ५११९६

जमिन नापजाँच हुन बाँकी क्षेत्रः वडा नं ९,१० र ११ मा नापी कार्य बाकी

**२०८१/०८२ को प्रथम चौमासिकको कार्य बिबरण:**

यस चौमासिकमा कुनै पनि क्रियाकलाप नभएको

केन्द्र र जिल्ला स्तरमा आयोग गठन भइ कार्य सञ्चालन।

**उद्योग व्यवसाय दर्ता नवीकरण र खारेजी सम्बन्धी:**

हाल सम्मको उद्योग व्यवसाय दर्ताको अवस्थाः १५८२

०८१/८२ को दोस्रो चौमासिकमा दर्ता : २२

नविकरण भएको जम्माः ४८

व्यवसाय बन्द :१२

**कालिका नगर अस्पताल**

- औसधिको सहज आपूर्ति गर्न E -Tender मार्फत ३३६ प्रकारको औसधि खरीद गरि औसधि उपचारको ब्यबस्था मिलाईएको ।
- प्रयोगशाला सेवामा थाईराईड,Vitamin D,Vitamin B-12 लगायतका जाचहरु बिस्तार गरि सेवा प्रदान गरिएको ।
- सेवाग्राहीहरुको बढ्दो चापलाई ब्यबस्थापन गर्न टोकन मेसिन संचालन गरि सेवा लिने ब्यबस्था मिलाईएको।

- ईमरजेन्सी सेवालिन आउने सेवाग्राहीहरुलाई अस्पतालबाट ईमरजेन्सी अवस्थामा प्रयोग हुने औषधि ब्यबस्थापन गरि २४ सै घण्टा ईमरजेन्सी र आमा सुरक्षा कार्यक्रम सेवालाई थप ब्यबस्थित गरि संचालन गरिएको ।
- विशेषज्ञ सेवा (बाल रोग,स्त्री रोग र भिडियो एक्सरे सेवा )निरन्तरता रहेको।
- विशेषज्ञ सेवा थप गर्ने क्रममा हाडजोर्नी विशेषज्ञ सेवा थप गरि सेवा संचालमा ल्याईएको।
- सेवाग्राहीको सहजताको लागि अस्पतालको भौतिक संरचना मर्मत तथा बिस्तार गरिएको।

धन्यवाद